87761 INFO ABOUT TRIALS.QXD 12/5/10 09:40 Page 1

सुनवाईमा न्यायाधीशले सबै गवाहीहरू सुन्नेछन् र फैसलामा दोषी, निर्दोष वा साबित नभएको ठहर गर्ने निर्णय गर्नेछन्। दोषी वा अपराध साबित ठहर नभएको खण्डमा अभियुक्त अदालतमा जान सक्छ र यहीँ मुद्दा समाप्त हुन्छ। अभियुक्त दोषी ठहर भएको खण्डमा के हुन्छ भन्ने विषयमा जान्नका लागि चरण ४ हेर्नुहोस्।

### थप सहायता

यदि तपाईँको पहिलो वा रोज्नुभएको भाषा अङ्ग्रेजी होइन भने अदालतमा के भनिँदैछ भन्ने बताउन वा तपाईंलाई प्रमाण दिनमा मद्दत गर्नका लागि दोभाषेको आवश्यकता पर्न सक्छ। यदि तपाईँ दैनन्दिन प्रयोग निम्ति पर्याप्त अङ्ग्रेजी जान्नुहुन्छ भने पनि यो तपाईंको लागि जरूरी हुन सक्छ।

तपाईँलाई कुनै दस्तावेजहरू जस्तै फिस्कलबाट आउने पत्रहरू तपाईँले रोज्नुभएकै भाषामा पाइयोस् भन्ने आवश्यकता पनि हुन सक्छ।

अदालतमा गवाही दिने कुनैपनि व्यक्तिले पहिले सत्य बोल्ने कसम खानु पर्छ। तपाईँले यो कसम आफ्नो धर्म, भाषा वा संस्कृति बमोजिम उपयुक्त तरिकाले खान सक्नु हुन्छ।

**भी आइ ए**-ले अतिरिक्त सहायताको व्यवस्था मिलाउन सक्छ जसमा अदालतमा हाजिर हुने वा प्रमाण प्रस्तुत गर्दा मद्दत निम्ति तपाईँको लागि निवेदन गर्न सक्षम हुन सक्ने कुराहरू सामेल छन्।

तपाईँका कुनै चिन्ता छन् वा विशेष आवश्यकताहरू छन् भने कृपया **भी आइ ए**-लाई बताउनुहोस्। त्यसपछि हामीले यी बारे फिस्कल अवगत होस् भन्ने सुनिश्चित गर्नेछौँ।

## चरण ४

### फैसला

कहिलेकाहिँ अपराधीले आफ्नो पक्ष राखेपछि वा दोषी ठहर हुने बित्तिकै न्यायाधीशले फैसला सुनाउँछन्।

कहिलेकाहिँ, फैसला सुनाउनुअघि न्यायाधीशले बढी जानकारीहरूमाथि विचार गर्न मुद्दालाई स्थगित गर्छन् (समय दिन्छन्)।

यदि न्यायाधीशले हिरासतीय फैसला (जेल) बारे विचार गर्दैछन् भने अपराधीको उमेर २१ वर्षभन्दा कम्ति छ वा यसअघि जेलमा परेको थियो वा थिएन भन्ने सम्बन्धी पृष्ठभूमि रिपोर्टहरू हासिल गरिनु जरूरी छ।

न्यायाधीशले पृष्ठभूमि रिपोर्ट वा अन्य जानकारीको माग गर्दछन् भने जरूरी छैन कि उनले अपराधीलाई जेल पठाउने बारेमा विचार गर्दैछन्। कहिलेकाहिँ न्यायाधीशले मुद्दाको निबटान सर्वोत्तम तरिकाले गर्ने विषयमा विचार गरिरहेका हुन सक्छन्।

न्यायाधीशले अपराधीलाई फैसला नसुनाइञ्जेल जेलमा राख्ने हो वा होइन भन्ने निर्णय पनि गर्नेछन्। तपाईँ न्यायालयमा उपस्थित हुनुहुन्न भने **भी आइ ए**-ले यसबारे तपाईंलाई जानकारी दिइराख्नेछ।

## स्थानीय सहायता एजेन्सीहरू

तपाईँले निम्न एजेन्सीहरूलाई सम्पर्क गर्न चाहन सक्नुहुन्छ पीडित:

**पीडित सहायता स्कटल्याण्ड** जसले अपराधबाट पीडित सबैलाई व्यावहारिक एवं भावनात्मक सहायता प्रदान गर्दछ। स्थानीय विवरण निम्ति फोन नम्बर **0845 60 39 213** मा सम्पर्क गर्नुहोस् (कार्यालय समयको दौरान) वा **www.victimsupportscot.org.uk** मा लग अन गर्नुहोस्।

**साक्षी सेवा** जसले सबै पीडित एवं साक्षीहर अनि उनीहरूका परिवारजन एवं मित्रहरूलाई अदालतमा हाजिर हुँदा भावनात्मक तथा व्यावहारिक सहायता प्रदान गर्दछ। स्थानीय साक्षी सेवा विवरणहरू निम्ति कृपया पीडित सहायता स्कटल्याण्डलाई सम्पर्क गर्नुहोस्।

**भी आइ ए**-ले तपाईंलाई अन्य सहायता संगठनहरूसित सम्पक गराउनमा पनि मद्दत दिन सक्छ।

## अधिक जानकारी निम्ति

यदि तपाईँ अरू कुनै जानकारी चाहनुहुन्छ वा कुनै कुराबारे तपाईँ अनिश्चित हुनुहुन्छ भने कृपया आफ्नो स्थानीय **भी आइ ए** कार्यालयलाई संलग्न पत्रमा दिइएको टेलिफोन नम्बरमा सम्पर्क गर्नुहोस्।

वैकल्पिक रूपमा कृपया **भी आइ ए** राष्ट्रिय टोलीलाई सम्पर्क गर्नुहोस्:

टेलिफोनद्वारा यी नम्बरमा 01389 739 557

फ्याक्सद्वारा यो नम्बरमा 0844 561 4180

वा ईमेलद्वारा
_vianationalteam@copfs.gsi.gov.uk

www.crownoffice.gov.uk

पीडित जानकारी एवं परामर्श
क्राउन कार्यालय एवं प्रोक्युरेटर फिस्कल सेवाको एक अंग

© क्राउन कपिराइट 2008

ए पी एस ग्रुप स्कटल्याण्ड 136008 05/10

**भी आइ ए** पीडित जानकारी एवं परामर्श

# जानकारी

## सुनवाईको बारेमा (संक्षिप्त)

यदि तपाईँ यो दस्तावेज अर्को भाषामा, ठूला अक्षरमा, अडियो, ब्रेल वा अन्य रूपमा चाहनुहुन्छ भने कृपया भी आइ ए-लाई सम्पर्क गर्नुहोस्। हामी
RNID typetalk prefix 18001मार्फत् कलहरूको स्वागत गर्छौँ।

## जानकारी एवं परामर्श

**पीडित जानकारी एवं परामर्शले (भी आइ ए-ले)** तपाईँलाई यो पर्चा दिएको छ किनभने तपाईँ त्यो अपराधले पीडित र/वा त्यसको साक्षी हुनुहुन्छ जसमाथि सुनवाई हुन गइरहेको छ। यो संक्षिप्त सुनवाई हुनेछ जो जिल्ला वा शेरिफ अदालतमा हुनेछ।

स्कटल्याण्डमा जिल्ला अदालतहरूलाई जस्टिस अफ द पीस कोर्टस् पुनर्नामाकरण गरिँदैछ। यो परिवर्तन स्कटल्याण्डका विभिन्न भागहरूमा विभिन्न समयमा मार्च २००८ देखि अक्टोबर २००९ को बीचमा गरिनेछ।

एक जस्टिस अफ पीस, स्टीपेनडिअरी म्याजिस्ट्रेट वा शेरिफले न्यायाधीशको रूपमा काम गर्दै फैसला र कुनै सजायको निर्णय गर्नेछन्। न्यायमण्डल छैन।

यो पर्चाले संक्षिप्त सुनवाईका चरणहरूको बारेमा बताउनेछ र साक्षीहरू अदालतमा कहिले हाजिर हुनु पर्ने हुन्छ भनी तपाईँलाई बताउनेछ।

आपराधिक न्याय प्रणालीमा संलिप्त हुनु त्रासपूर्ण हुन सक्छ र सुनवाईमा प्रमाण प्रस्तुत गर्नुले तनाव र चिन्ता उत्पन्न गर्न सक्छ। **भी आइ ए**-ले तपाईँलाई मद्दत गर्न सक्छ।

## भी आइ ए-को बारेमा

***भी आइ ए** – हामीले कसरी मद्दत गर्न सक्छौँ* शीर्षक पर्चाले बताउँछ कि **भी आइ ए**-ले के गर्दछ र तपाईँलाई मद्दत गर्न हामीले के गर्न सक्छौँ।

यदि तपाईँ **भी आइ ए**-को मद्दत चाह्नुहुन्न भने हामीलाई बताउनुहोस्। पछि फेरि तपाईँको विचार बदलिन्छ भने , कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

हामीलाई आशा छ कि यो पर्चाले तपाईँको मनमा उठेका हुन सक्ने केही प्रश्नहरूको जवाफ दिनेछ। तपाईँले जान्न चाह्नुभएको अरू केही छ वा कुनै कुराबारे अनिश्चित हुनुहुन्छ भने कृपया हामीलाई सोध्नुहोस्।

### प्रतिवादीले के जानकारीहरू पाउन सक्छ?

प्रहरीलाई तपाईँले दिनुभएको कुनै पनि बयान फिस्कलकहाँ मामिला रिपोर्ट गरिएपछि प्रथम केही साताहरूमा प्रतिवादी कानूनी सल्लाहकारहरूलाई दिइन सकिन्छ। यो एक सामान्य र प्रक्रियाको जरूरी अंग हो। यसले सुनिश्चित गर्दछ कि प्रतिवादी कानूनी सल्लाहकारहरू सबै प्रमाणहरूबाट अवगत छन् र अभियुक्तको निष्पक्ष रूपमा प्रतिनिधित्व गर्न सक्छन्। केही मामिलाहरूमा, साक्षीका बयानहरू र सम्पर्क ब्यौराहरू तत्काल दिइने छैनन् वा त्यसलाई सम्पादित गर्न सकिनेछ। तपाईँको मामिलामा के भएको छ भन्ने बारेमा **भी आइ ए**-ले बताउन सक्नेछ।

प्रतिवादी कानूनी सल्लाहकारलाई सामान्यत: साक्षीका पहिलेको कुनै दोष ठहर भएको वा लम्बित मामिलाहरूको ब्यौरा प्राप्त गर्ने अधिकार हुन्छ। अदालतले यो जानकारीलाई सुनवाईको दौरान उल्लेख गर्ने अनुमति सदैव दिने छैन तर साक्षीले दिने प्रमाणसित यसको प्रासंगिकता छ भने त्यसो गर्न दिन पनि सक्छ।

प्रतिवादी कानूनी सल्लाहकारहरूलाई साक्षीको कुनै पनि बयान वा सम्पर्क ब्यौरा अभियुक्तलाई दिने अनुमति छैन। यदि कुनै जानकारी प्रतिवादीलाई प्रदान गरिएको बारेमा तपाईँलाई कुनै चिन्ता छ भने **भी आइ ए**-लाई सूचित गर्नुहोस्।

### प्रतिवादी कानूनी सल्लाहकारलाई बयान दिइनु

प्रतिवादी कानूनी सल्लाहकारले (वा तिनीहरूको लागि काम गर्ने कुनै व्यक्तिले जसलाई प्रीकोग्निशन एजेन्टको रूपमा जानिन्छ) तपाईँलाई बयान दिनका लागि भन्न सक्छ (कहिलेकाहिँ यसलाई प्रतिवादी प्रीकोग्निशन भनिन्छ)। उनीहरूले तपाईँलाई उनीहरूको कार्यालयमा जान भन्न सक्छन् वा तपाईंको घर वा कार्यस्थलमा आउने इच्छा व्यक्त गर्न सक्छन्। तपाईँलाई सहुलियत हुने ठाउँ र समयमा बैठक राख्नका लागि तपाईँले भन्न सक्नुहुन्छ। **भी आइ ए**-ले प्रहरी थाना वा तपाईँ चाह्नुहुन्छ भने फिस्कलको कार्यालयमा बैठकको व्यवस्था मिलाउन सक्छ। तपाईँले आफुसित कसैलाई राख्न पनि भन्न सक्नुहुन्छ।

यदि तपाईँलाई भनिन्छ भने तपाईँले बयान अवश्य दिनु पर्दछ। यसबाट प्रतिवादी कानूनी सल्लाहकारलाई प्रमाणको राम्रो जानकारी प्राप्त हुनेछ र अभियुक्तलाई कसरी बहस गर्ने (दोषी वा निर्दोष) भनी परामर्श दिनमा तिनलाई मद्दत प्राप्त हुन्छ। यसको अर्थ कहिलेकाहिँ के हुन्छ भने सुनवाईलाई टार्न सकिन्छ वा तपाईंको प्रमाणलाई स्वीकार गरिन्छ भने तपाईँलाई अदालत जानुनै नपर्ने हुन सक्छ।

अब यसपछिको खण्डले अदालती प्रक्रियाका विभिन्न चरणहरूको बारेमा बताउँछ।

## चरण १

### बहस डाएट

**(साक्षीहरू हाजिर हुनु पर्दैन)**

अपराधको आरोप लागेको व्यक्तिले (अभियुक्तले) अपराधको लागि आफु दोषी भएको वा निर्दोष रहेकोको पक्ष राख्नु पर्नेछ। अभियुक्त यो चरणमा अदालतमा हाजिर नहुन पनि सक्छ किनभने केही मामिलाहरूमा यो पक्ष लिखित रूपमा पेश गरिन्छ।

- दोषी

अभियुक्तले अपराध कबुल गर्छ भने न्यायाधीशले तत्काल वा अरू बढी जानकारीहरू माथि विचार गरेपछि सजाय सुनाउनेछन्। यसको अर्थ के हो भने सुनवाई हुनेछैन र साक्षीहरूले सामान्यत: अदालतमा हाजिर हुनु पर्दैन।

- निर्दोष

अभियुक्तले अपराध कबुल गर्दैन भने अदालतले दुइटा तारिखहरू निर्धारित गर्नेछ : मध्यवर्ती डाएट र सुनवाई डाएट (यी सुनवाईहरू बारे अधिक जानकारी चरण २ र ३ मा दिइएका छन्)।

आगामी तारिखभन्दा पहिले अभियुक्तको के हुनेछ भन्ने निर्णय न्यायधीशले गर्नेछन्।

अभियुक्तलाई हिरासतमा पठाइनेछ (जेलमा राखिनेछ) वा जमानतमा रिहा गरिने छ (उसले पुन: अपराध गर्ने छैन भन्ने शर्तमा रिहा गरिनेछ)। न्यायाधीशले के निर्णय गरेका छन् भन्ने बिषयमा **भी आइ ए**-ले तपाईँलाई बताउनेछ।

अभियोजन साक्षीहरूको सूची प्रतिवादी वकिलहरूलाई उपलब्ध गराइनेछ।

## चरण २

### मध्यवर्ती डाएट

**(साक्षीहरू हाजिर हुनु पर्दैन)**
अभियुक्तलाई उसले अपराध कबुल गर्छ वा गर्दैन भनेर फेरि सोधिन्छ।

- दोषी

अभियुक्तले अपराध कबुल गर्छ भने न्यायाधीशले तत्काल वा अरू बढी जानकारीहरू माथि विचार गरेपछि सजाय सुनाउनेछन्। यसको अर्थ के हो भने सुनवाई हुनेछैन र साक्षीहरूले सामान्यत: अदालतमा हाजिर हुनु पर्दैन।

- निर्दोष

अभियुक्तले अपराध कबुल गर्दैन भने अभियोजन र प्रतिवादी दुवैको लागि केही प्रमाणहरूमा सहमत हुने र/वा सुनवाईको तयारी गर्न बढी समयको माग गर्ने अवसर हुन्छ।

अब न्यायाधीशले निर्णय गर्नेछन् कि अभियुक्तलाई हिरासतमा पठाउने हो वा सुनवाई नहुञ्जेल जमानतमा रिहा गर्ने हो। निर्णयबारे तपाईँलाई **भी आइ ए**-ले जनाउनेछ।

अभियुक्तलाई जमानतमा रिहा गरिन्छ भने मनासिब समयभित्र सुनवाई शुरू गरिनु जरूरी छ।

अभियुक्तलाई हिरासतमा पठाइन्छ भने अदालतमा प्रथम हाजिरीको ४० दिन भित्रमा सुनवाई शुरू गरिनु जरूरी छ। केही सीमित परिस्थितिहरूमा मात्रै यो म्यादलाई बढाउन सकिन्छ।

## चरण ३

### सुनवाई डाएट

**(साक्षी हाजिर हुनु जरूरी छ)**

प्रमाण पेश गर्न तपाईँको आवश्यकता भएको खण्डमा तपाईँलाई साक्षी बोलावट (पत्र) पठाइनेछ जसमा तपाईँलाई अदालतमा हाजिर हुनु जरूरी मिति र समय दिइएको हुन्छ।

तपाईँलाई अदालत कक्षभित्र बोलाइनु अघि केही समय प्रतीक्षा गर्नु पर्ने हुन सक्छ। सुनवाईले कसरी प्रगति गर्छ भन्ने आधारमा तपाईँले प्रमाण पेश गर्नु पर्ने आवश्यकता नपर्न पनि सक्छ वा तपाईँले अरू कुनै दिन हाजिर हुनु पर्ने आवश्यकता हुन सक्छ।